# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २०, अङ्क : ०५, २०७८ कात्तिक १४ गते आइतवार (31 Oct. 2021), मूल्य रु. २०।-





## संसदका दुबै सदनको चालु अधिवेशन अन्त्य

सन्देश बुढा

काठमाडौं, कात्तिक - संघीय संसदका दुवै सदनको चालू अधिवेशन अन्त्य भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद्को सिफारिस अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ९३ को उपधारा २ बमोजिम शुक्रबार राति १२ बजेदेखि संसदका दुवै सदनको चालु अधिवेशन अन्त्य भएको घोषणा गर्नुभएको हो ।

शुक्रबार संघीय संसदका महासचिव डा.भरतराज गौतमले एक विज्ञप्ति जारी गर्दै कात्तिक २९ गतेका लागि बोलाइएको प्रतिनिधि सभाको बैठक पनि अन्त्य भएको जानकारी दिनुभयो त्यसै गरी प्रधानमन्त्री शेरबहादुर देउवा बेलायत प्रस्थान गरेका छन् ।

शुक्रबार प्रधानमन्त्री देउवाको नेतृत्वमा २० सदस्यीय प्रतिनिधिमण्डल बेलायत प्रस्थान गरेको हो ।

नेपाली टोली स्कटल्यान्डको ग्लास्गोमा हुन लागेको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय खाका संरचना महासन्धि (यूएनएफसीसीसी) को २६ औं सम्मेलन (कोप-२६) मा सहभागी हुन बेलायत प्रस्थान गरेको हो । टोली शुक्रबार विहान १०:४० मा कतार एयरको उडानबाट लन्डन प्रस्थान गरेका हो ।

पाँचौं पटक प्रधानमन्त्री भएपछि देउवाको यो पहिलो विदेश भ्रमण हो

....... .. .पेज नं. ८ मा

## यालाकोट विधुत निर्माण अन्तिममा

मेनुका बुढा

डोल्पा, कार्तिक - काइके गाँउपालिका वडा नं २ मा बन्दै गरेको यालाकोट जलविधुत निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सहरतारा वडा नं २ मा यलाकोट जलविधुतको विजुलिको तार तान्ने र खम्बाहरु खाडल खनेर गाड्ने काम सकिएको यलाकोट जलविधुतका अध्यक्ष राजकुमार रोकायले जानकारि दिनु भयो ।

काइके गाँउपमलिकामा ४ सय २० घरदुरिलाई हुनेगरेर एक घरलाई ५ वटा वलप पर्ने गरेर हवाइजाँहाँज मार्फत वलप दुनैमा पुगिसकेको छ । ४ सय २० घरदुरिलाई वारिङ्ग गने ' तार बर्षातको कारणले गर्दा बटो भत्किएको हुनाले विधतको सामान तल्लुमानै रोकिएको रोकायले बताउनु भयो । उहाँलेभन्नुभयो वारिङ्गकोतार गाँउ सम्म आइपुग्न अझै केहि समय लाग्ने छ ।

....... .. .पेज नं. ८ मा

## इन्टरनेट र मोवाइल नेटवर्क समस्या

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - नेपाल टेलिकमको वितरित विभिन्न सेवाहरु मध्ये द्रुत गतिको इन्टरनेट(एडिएसएल) सेवा अवरुद्ध रहयो। अस्ति बिहिवार विहानै देखि अवरुद्ध नेपाल टेलिकमको द्रुत इन्टरनेट सेवा कही कतै चल्न सकेन । इन्टरनेट सेवा सुचारु नहुँदा सरकारी तथा गैरसरकार कार्यालयहरु मात्र हो इन व्यक्तिका व्यक्तिगत कामहरु समेत प्रभावित हुन पुगेका छन् । नेपाल टेलिकमको इन्टरनेट सेवा मात्र होइन मोवाइल तथा टेलिफोन सेवा समेत समस्या देखिएको थियो । फोन सम्पर्क गर्न खोज्दा सम्पर्कै हुन नसक्ने थियो । फोनै नलाग्ने लागिहाले पनि कुरा नसुनिने, सुनिए पनि प्रष्ट नसुनिने समस्या रहेको थियो । यो समस्या शनिवारसम्म पनि कायमै रहेकाले सेवाग्राहीहरुलाई समस्या बनेको थियो । सुर्खेतमा फाइबर कटेका कारण यस्तो

## एमाले स्थानीय अधिवेशनहरु सम्पन्न

रुपलाल वोहोरा

डोल्पा, कात्तिक - देश व्यापी रुपमा अधिवेशनमा जुटेको नेकपा(एमाले)को स्थानीय तह स्तरीय कमिटीको अधिवेशन देशभर एकैचोटी एमाले अध्यक्ष केपी शर्मा ओलीले आज दिउसो १ बजे उद्घाटन गर्नु भयो ।

केन्द्रबाट उद्घाटन गरिए पनि धैरै स्थानीय तह स्तरिय कमिटीहरुको सम्पन्न भएको नेकपा एमाले डोल्पाले जनाएको छ ।

अन्य स्थानीय तहहरु मुड्केचुला गाउँकमिटी, जगदुल्ला गाउँकमिटी, शे फोक्सुण्डो गाउँकमिटी, काइके गाउँकमिटी, त्रिपुरासुन्दरी नगरकमिटीको अधिवेशन सम्पन्न भएको जानकारी प्राप्त भएको छ ।

मुड्केचुला गाउँकमिटीको अधिवेशन सर्वसम्मत रुपमा नेतृत्व चयन

....... .. .पेज नं. ८ मा

## एमाले भन्दा अन्त नगएको घोषणा

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - नेकपा(एकिकृत समाजवादी)ले डोल्पाबाट केन्द्रिय विभागमा सदस्य मनोनयन गरिएका नेताले उक्त पद अस्वीकार गरी एमालेमै रहेको घोषणाले माधवकुमार नेपाललाई अर्को झट्का लागेको छ ।

नेकपा(एमाले)बाट फुटेर बनेको नेकपा(एकिकृत समाजवादी) पार्टीका केन्द्रिय लेखा आयोगका सदस्य आङबहादुर लामाले आफू नेकपा(एमाले)मै रहेको घोषणा गर्दै विज्ञप्ति जारी गर्नु भएको छ ।

नेकपा(एमाले) जिल्ला कमिटी डोल्पाका सचिवालय सदस्य रहेका आङबहादुर लामालाई एमालेलाई फुटाएर माधवकुमार नेपालले बनाएको नेकपा(एकिकृत समाजवादी) पार्टीले केन्द्रिय लेखा आयोगको सदस्यमा मनोनयन गरेको थियो ।

उक्त पदमा आफूलाई मनोनयन गरेको थाहा पाउने वित्तिकै लामाले पार्टी फुटेर बनेको नेकपा(एकिकृत समाजवादी) पार्टीमा संलग्नता नरहेको बताउदै हिजो जारी विज्ञप्तीमा भन्नु भएको छ । म एमाले थिए, एमाले छु

....... .. .पेज नं. ८ मा

## प्रम देउवाद्धारा लण्डनमा नेपाली प्रतिनिधिसँग भेट

सुस्केरा समाचारदाता

काठमाण्डौं, कात्तिक - संयुक्त अधिराज्य(बेलायत) को ग्लासगोमा हुने संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (कोप-२६) को पक्षको २६औं सम्मेलनको वर्ल्ड लिडर समिटमा भाग लिन शुक्रवार साँझ लण्डन आइपुग्नु भएका प्रधानमन्त्री शेरबहादुर देउवा शनिबार विभिन्न भेटघाटमा व्यस्त हुनु भएको छ ।

लण्डनस्थित राजदूतावासमा बेलायतको हाउस अफ लर्डसका सदस्य लर्ड शेख र लर्ड स्वराज पलले प्रधानमन्त्री देउवाले शनिबार शिष्टाचार भेट गर्नुभएको छ । उहाँ दुवै जना नेपाल-बेलायत सम्बन्ध सुधार गर्न र नेपालप्रतिको स्नेह सदभाव र मित्रताका लागि जानकार हुनुहुन्छ । दशकौंदेखि उहाँहरुको नेपालप्रति अत्यन्त सदभाव र मित्रता रहको छ । उहाँहरुले बेलायती संसदमा नेपालका विषयमा दशकौंदेखि कुरा राख्दै आउनु भएको छ । कोभिडको दोस्रो लहरको समयमा पनि उहाँलहरुले संसदमा नेपाललाई सहयोग गर्ने कुरा राखेको प्रधानमन्त्री देउवालाई जानकारी गराउनुभयो । उहाँहरुले प्रधानमन्त्री देउवासमक्ष नेपालसँगको सम्बन्ध र त्यसलाई प्रर्वद्धन गर्न बर्षौदेखि आफूहरुले खेलेको भूमिकाका बारेमा पनि चर्चा गर्नुभयो। उहाँहरुले आफ्नो कार्यकालमा नेपाल बेलायत सम्बन्धलाई अझ सुदृढ तुल्याउन सबैप्रकारको सहयोग सदभाव र समर्थन रहने विश्वास पनि दिलाउनुभयो।

....... .. .पेज नं. ८ मा

## संसदका दुवै सदनको .... ....

। उनी कात्तिक १८ मा स्वदेश फर्कने छन् ।

संघीय संसदका दुवै सदनको चालू अधिवेशन अन्त्य भएको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को सिफारिस अनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ९३ को उपधारा २ बमोजिम शुक्रबार राति १२ बजेदेखि संसदका दुवै सदनको अन्त्य भएको घोषणा गर्नुभएको हो । शुक्रबार संघीय संसदका महासचिव डा.भरतराज गौतमले एक विज्ञप्ति जारी गर्दै कात्तिक २९ गतेका लागि बोलाइएको प्रतिनिधि सभाको बैठक पनि अन्त्य भएको जानकारी दिनुभयो ।

## एमाले भन्दा अन्त .... .........

र एमालेमै रहने छु। हाम्रो गौरवशाली पार्टी एमालेको पार्टी संगठित सदस्य छु । यस बाहेक अन्य कुनै पार्टीमा मेरो संलग्नता नरहेको पार्टी नेतृत्व, पार्टीका नेता कार्यकर्ता, मतदाता र शुभेच्छुकहरुमा जानकारी गराउदछु विज्ञप्तीमा भन्नु भएको छ ।

यसरी केन्द्रको विभागिय सदस्यमा पुर्‍याइएका नेताले आफू पुरानै पार्टी एमाले मै रहेको भन्ने घोषणाले एमाले फुटाएर नेकपा(एकिकृत समाजवादी) गठन गरेका माधवकुमार नेपाललाई डोल्पामा ठुलै झट्का लागेको छ । यसले पार्टी फुटाउनेलाई केन्द्रिय पद दिंदा पनि नेता कार्यकर्ताले रुचाउदैनन् भन्ने सन्देश दिएको छ ।

## प्रम देउवाद्वारा लण्डनमा . . ....

यसैगरी ब्रिटेन नेपाल सोसाइटीको एक प्रतिनिधि मण्डलले प्रधानमन्त्री देउवासँग भेट गरेको छ। सोसाइटीका अध्यक्ष एवम् पूर्व राजदूत एन्ड्रयु स्पार्कले सोसाईटीले धेरै बर्ष अघिदेखि नेपाल र नेपालीको सहयोगका लागि काम गरिहेको स्मरण गराउँदै अझ थप प्रभावकार बनाउन आफूहरु प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । भेटमा अध्यक्ष स्पार्कले नयाँ पुस्ताका ब्रिटिस युवालाई नेपाल भ्रमण गराउन र सदभावना बढाउन केही नयाँ कार्य गर्ने सोच बनाएको बताउनुभयो ।

उहाँले विभिन्न स्वंयसेवी व्यक्ति र गैर सरकारी संस्थामार्फत सोसाईटीले नेपालभरी काम गरिरहेको बताउँदै यस कामलाई अझ प्रभावकरी बनाएर नेपाल र बेलातयबीचको सम्बन्धलाई थप उचाईमा पुर्‍याउन लागि पने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । सोसाइटीले गरेका कामको बारेमा गहिरो चासो राख्दै नेपालको विकासमा पुर्‍याएको सहयोगका लागि प्रधानमन्त्री देउवाले धन्यवाद दिनुभयो । भेटमा वन तथा वातावरणमन्त्री रामसहाय यावद,परराष्ट्र सचिव भरतराज पौडेल, प्रोटोकल प्रम्ख डा.दुर्गाबहादुर क्षेत्री, कार्यवाहक राजदूत श्रीमती रोशन खनाललगायतको सहभागिता रहेको थियो । यसैगरी,प्रधानमन्त्री देउवासँग गैर आवासीय सङ्घ(एनआरएनए) यूकेको एक प्रतिनिधिमण्डलले शनिवार भेट गर्दै ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्रमा गैर आवासीय नेपाली नागरिकलाई मतदानमा भाग लिने व्यवस्था,नेपाल बेलायत सिधा हवाई उडान सञ्चालन र नेपालमा विदेशी लगानी भित्र्याउन सुगम कानूनी व्यवस्था हुनुपर्ने उल्लेख गरिएको छ । सो क्रममा एनआरएनए यूकेका संरक्षक शेर सुनार, एनआरएनका केन्द्रिय सल्लाहकार कुल आचार्य, एनआरएनए यूकेका अध्यक्ष प्रेम गाहामगरले नै

## एमाले स्थानीय ... .........

गर्दै सम्पन्न भएको छ । मुड्केचुला गाउँकमिटीको अध्क्षमा अम्मरबहादुर शाही, उपाध्यक्षमा गणेशा रोकाया, सचिवमा कुशबहादुर सिंह सहित ७५ सदस्यीय गाउँकमिटी सर्वसम्मत रुपमा निर्वाचित गरी अधिवेशन सम्पन्न भएको नर्कुबाट लालबहादुर बुढाले जानकारी दिनु भयो ।

उहाँका अनुसार अधिवेशनको घोषणा कार्यक्रममा माओवादी केन्द्रबाट २४ जना, नेपाल कम्युनिष्ठ पार्टी(नेत्रविक्रम चन्द)बाट १ जना र अन्य विभिन्न व्यक्तिहरुले आजै एमाले प्रवेश गरेको नेकपा एमाले मुड्केचुला गाउँपालिकाले जनाएको छ ।

मुड्केचुला गाउँकमिटीको अधिवेशन नेकपा(एमाले) जिल्ला कमिटी डोल्पाका सचिवालय सदस्य एवम् मुड्केचुला इन्चार्ज लंक रोकायाको प्रमुख आतिथ्य र निवर्तमान गाउँकमिटी अध्यक्ष बीलभद्र रोकायाको अध्यक्षत(ामा भएको थियो ।

त्रिपुरासुन्दरी नगरकमिटीको अधिवेशन पनि सर्वसम्मत नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । त्रिपुरासुन्दरी नगरकमिटीको अधिवेशनले अध्यक्षमा धर्मसिंह रोकाया, उपा(ध्यक्षमा कृष्णबहादुर धराला, सचिवमा चन्द्रप्रसाद बुढ, उपसचिव तुलराम के सी लगायत ७५ सदस्यीय नेतृत्व चयन गरेको छ ।

जगदुल्ला गाउँकमिटीको अधिवेशन पनि सर्वसम्मत नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । अधिवेशनले अध्यक्षमा कमल बुढा, उपाध्यक्षमा चन्द्रबहादुर वि.क. सहित ७५ सदस्यीय गाउँकमिटी चयन गरेको छ ।

त्यसै गरी शे फोक्सुण्डो गाउँकमिटी, र काइके गाउँकमिटीको अधिवेशन सम्पन्न भएको छ भने डोल्पोबुद्ध गाउँकमिटी, छार्का ताङसोङ गाउँ(कमिटीको अधिवेशन सुरु भएको नेकपा(एमाले) जिल्ला कमिटी डोल्पाले जनाएको छ ।

केही वडाहरुको अधिवेशन सम्पन्न नभएका कारण डोल्पाको सदरमुकाम दुनै रहेको स्थानीय तह ठुलीभेरी नगर कमिटीको अधिवेन भने आइतवार सुरु हुने भएको जनाइएको छ । यस नगर कमिटीको अधिवेशन पनि सर्वसम्मत सम्पन्न गर्ने एमाले डोल्पाले जनाएको छ ।

यसै गरी एक महिना अघि सम्पन्न भैसक्नु पर्ने नेपाली काँग्रेसको वडा अधिवेशन क्रियशील सदस्यता विवाद(का कारण हालसम्म हुन सकेको छैन । नेपाली काँग्रेस जिल्ला कार्यसमिति डोल्पा अन्तर्गतका सबै वडा र स्थानीय तह स्तरिय कार्यसमितिको अधिवेशन भैसक्नु पर्ने समय पुरा भएको भए पनि क्रियाशील सदस्यता विवादका कारण हालसम्म हुन नसकेको नेपाली काँग्रेस डोल्पाले जनाएको छ ।

## इन्टरनेट र मोवाइल .... .........

समस्या आएको नेपाल टेलिकम डोल्पाले जनाएको छ । हिजै मर्मत भएर सबै समस्या समाधान हुने बताइएको थियो । तर आजसम्म पनि सेवामा सुधार आएको छैन । कुनै पनि कामका लागि फोन सम्पर्क गर्न खोज्दा फोन सम्पर्क हुँदैन । इन्टरनेटबाट कुरा गर्न खोज्दा इन्टरनेट चल्दैन उपभोक्ताहरुको गुनासो थियो ।

इन्टरनेट सेवा आज बेलुका ६ बजेतिरबाट चलेको छ। तर निकै सुस्त गतिमा इन्टरनेट चलेकाले काम हुन नसक्ने, समाचार नै हेर्न नमिल्ने, फेसबुक नै नखुल्ने सिग्नल आएको इन्टरनेट सेवाग्राहीहरुले बताउनु भएको छ । फोनको समस्या झनै बिग्रेको टेकबहादुर गुरुङले बताउनु भयो। उहाँका अनुसार मोवाइल नेटवर्क आउने जाने भैरहेको छ । नेटवर्क आएको बेला पनि फोन लागि रहेको छैन फोन लागे पनि कुरा गर्न मिलेको छैन ।

## यालाकोट विधुत ......

घरहरुमा तार वारिङ्ग गर्ने काम बाँकिरहेको छ । यलाकोट सामाजिक सेवा केन्द्र दर्ता भएदेखि २०७४,०७५ देखिनै पहल भएको र घर निर्माण देखि आवश्यक समान सम्पुर्ण गाँउप(ालिकाले खर्च गर्ने ,पोल ,तार मेसनरि सामानहरु १ किलोवट वारावर ३ लाख ८० हजार बजेट विनियोजन गरेको यलाकोट जलविधुतका अध्यक्ष रोकायले जानकारि दिनु भयो । उहाँले भन्नु भयो ९० प्रतिशत जति काम सकिसकेको छ मंसिरको पहिलो हप्तासम्म विधुत घर सम्म बत्ति बाल्ने उदेश्यले विधुत निर्माण भइरहेको छ ।

राष्ट्रिय गौरवको आयोजना मध्येमा पर्ने जगदुल्ला जलविधुत आयोजनाको काम धमाधम भैरहेको जनाइएको छ । जगदुल्ला गाउँपालिकाको हरिकोट नजिकबाट सुरुङ बनाएर मुड्केचुला गाउँपालिकाको इल निकालेर त्यहाँ

**एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।**

**एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# पर्यटकहरु बढे पछि खुसियाली

डोल्पा नेपालकै धेरै पर्यटकिय स्थलहरु रहेको जिल्ला हो । यो जिल्लामा रहेका प्राकृतिक, भौगोलिक, सामाजिक, धार्मिक, सांस्कृतिक र जैविक विविधताले पर्यटकहरुलाई आकर्षण गरिरहेका छन् । डोल्पामा आउने आन्तरिक पर्यटकहरुको संख्या बढे पछि डोल्पाका पर्यटन व्यवसायीहरुमा खुसियाली छाएको छ। डोल्पामा रहेका विभिन्न पर्यटकिय संभावनाहरु मध्ये फोक्सुण्डो ताल पर्यटक आकर्षण गने प्रमुख स्थल बनेको छ ।

डोल्पामा फोक्सुण्डो ताल प्रमुख पर्यटकिय स्थल त हुँदै हो । यस फोक्सुण्डो ताल नजिकै रहेको फोक्सुण्डो झरना अर्को प्रमुख आकर्षक स्थल हो । यसका साथै पर्यटकहरुका लागि अवलोकन योग्य स्थलहरु धेरै रहेका छन् । यी पर्यटकिय स्थलहरुको अवलोकन गरी अनुपम आनन्द लिनका लागि यति बेला डोल्पाको फोक्सुण्डो ताल पुग्ने पर्यटकहरुको संख्या निकै बढेको छ । यहाँ आउने ८० प्रतिशत पर्यटकहरु फोक्सुण्डो ताल हेर्न आउने गरेका छन् ।

मोटरबाटो नजिकिदै आए पछि आन्तरिक पर्यटकहरुको संख्या निकै बढेको छ । पर्यटकहरु बढेपछि यहाँ रहेका पर्यटन व्यवसायीहरु निकै उत्साहित भएका छन् । कोरोना भाइरसको संक्रमण बढेसँगै धरासायी बनेको पर्यटन व्यवसाय विस्तारै सुधार हुन थाले पछि पर्यटन व्यवसायीहरुमा खुसि छाएको उद्योग वाणिज्य संघ डोल्पाका अध्यक्ष लालिमान बुढाले बताउनु भयो । उहाँका अनुसार डोल्पाको त्रिवेणीदेखि दुनैसम्म मोटरबाटोको ट्र्याक ओपन भएकाले मोटरसाइकलबाट डोल्पा घुम्न आउनेको संख्यामा उल्लेख्य वृद्धि गरेको हो ।

यसका साथै डोल्पा आउनका लागि मोटरबाटोको ट्र्याक ओपन भएर खण्ड खण्ड गरेर जीप सेवा संचालन भए पछि डोल्पा घुम्न आउनका लागि सजिलो भएका कारण पनि डोल्पा आउने पर्यटकहरु बढेका हुन् । डोल्पा आउने पर्यटकहरु मध्ये स्वदेशी पर्यटकहरु बढेकाले पर्यटन व्यवसायीहरुको व्यापार व्यवसाय बढेका हुन् । विदेशी पर्यटकहरु डोल्पा आउँदा स्थानीय व्यवसायीलाई खासै आम्दानी नहुने गर्दछ । किनकी उनीहरु आफै सामग्रीहरु बोकेर आउने भएकाले स्थानीय व्यवसायीहरुको व्यवसाय खासै नहुने गरेकोमा स्वदेशी पर्यटकहरु बढे पछि उनीहरु यहाँका होटेलहरुमा खाने बस्ने भएकाले पर्यटन व्यवसायीहरु खुसि भएका हुन् ।

डोल्पामा पर्यटकीय क्षेत्र तथा स्थलहरु निकै रहेका छन् । यातायातका साधनहरु सुरक्षित हुने, यात्रामा रहेका पर्यटन व्यवसायीहरुले आफ्नो व्यवसायलाई सुधार गर्नु आवश्यक छ । डोल्पाका पर्यटकीय क्षेत्र तथा स्थलहरुको प्रचार प्रसार गरेर यहाँ आउने पर्यटकहरुलाई अझ केही दिन डोल्पा विताउने समय लम्ब्याउने वातावरण बनाउन र पर्यटकहरुलाई आकर्षण गर्नु पर्ने कार्यक्रम स्थानीय र प्रदेश सरकारले ल्याउनु पर्ने स्थानीयहरुको माग रहेको छ । तर स्थानीय सरकार र कर्णाली प्रदेश सरकारहरुले हालसम्म खासै कार्यक्रमहरु ल्याउन नसकेको सबैको आरोप रहेको छ। यो आरोपलाई आफूमा लाग्न नदिन सबै सरकार लाग्नु पर्ने अवस्था आइसकेको छ ।

## अमृत केन्द्र

शारदा शर्मा
गरिमाबाट

जुनसुकै दिशामा
जहाँसुकै
जहिलेसुकै
जतिपल्ट शिर झुकाए पनि
तिम्रै अन्तस्को स्पर्श
तिम्रै अनुभूतिको अमृत

न समय छ यहाँ कतै विभाजित
न शरीर, न सीमा
न अन्त्य कतै
न प्रारम्भ
प्रलयको भोलिपल्ट पनि
सूर्योदय हुनेछ सधैंझै
बतास चल्नेछ ।

आँखाअघिल्तिर रङ्ग बगिरहेछ
पहाड बगिरहेछ
बादल बगिरहेछ
घाम बगिरहेछ
निरन्तर मेरो मन बगिरहेछ सलल्ल पानीसरि
जीवनमा चेतनाले छोएको पहिलो क्षण
अनाम बिन्दुदेखि प्रारम्भ भएको
यात्रा बगिरहेछ परिधि परिधि
अन्तहीन जीवनवृत्तमा

बारम्बारको उच्चाटलाग्दो पुनारवृत्ति
यतिखेर म
विश्राम खोजिरहेकी छु
एउटा विराट् बिन्दु
जुन बग्दैन
र, जहाँ थामिन्छ मन
समय थामिन्छ ।

जति एकान्तमा हुन्छु
त्यति नै कम दूरीमा हुन्छु आफूसँग
प्रेममा हुन्छु
गुरु केन्द्रमा स्थिर
अखण्ड स्वयम्भू दीप दिव्यता
पार्थिव पात्रमा

सनातनदेखि
निरन्तर बलिरहेछ
ज्योतिर्मय महाशून्य
फूल
म नभएको दिनमा पनि फुल्नेछ
म नभएको रातमा पनि जुन लाग्नेछ ।

आफैंभित्र
आफैंसित
सधैं जे छौ तिमी
म सधैं जे छु
मनका सबै सपनाभन्दा पर
आकाङ्क्षाका सबै इन्द्रेणीभन्दा पर
सिर्जनाको अहङ्कार र समापनको पीडाभन्दा पनि पर
बाँकी रहेको

सम्यक् अस्तित्व स्थिरता
गतिका समस्त भ्रमहरुको विसर्जन
म अमरत्व खोजिरहेकी छु
केन्द्र खोजिरहेकी छु ।

# मेयर कप भलिवल खेल सुरु

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - त्रिपुरासुन्दरी नगर पालिका त्रिपुराकोट बगरमा शनिवार बाट पुरुष तथा महिला मेयर कप भलिबल प्रतियोगिता संचालन भएको छ । शनिवारबाट संचालन भएको भलिवल प्रतियोगिता खेलमा डोल्पा जिल्ला भित्रका सम्पुर्ण खेलाडि हरुको टिम क्लव आदिले खेलमा सहभागिता जनाउन नगर कार्यपालिकाको कार्यलय त्रिपुराकोट डोल्पाले अनुरोध गरेको छ । यस खेलमा सहभागि हुनचाहने खेलाडि हरुले टिम दर्ता सुल्क पुरुस टिमदर्ता सुल्क १० हजार र महिला टिम दर्ता सुल्क ५ हजार राखेको थियो । उक्त खेलमा पुरुष भलिबल प्रतियोगिता तर्फ प्रथम हुने लाइ १ लाख ५५ हजार ५ सय ५५ नगद प्रमाणपत्र ट्रफि र मेडल र खेलमा दोस्रो हुने लाइ ५५ हजार ५ सय ५५ नगद प्रमाणपत्र र मेडल, खेलमा तेस्रो स्थान आउने लाइ ६५ हजार ५ सय ५५ नगद प्रमाणपत्र र मेडल पुरस्कार दिइने बताइएको छ । त्यसैगरी महिला भलिबल तर्फ प्रथम हुने लाइ ७० हजर ५ सय ५५ नगद र प्रमाणपत्र ट्रफि र मेडल, दोस्रो हुने लाइ ४५ हजार ५ सय ५५ नगद प्रमाणपत्र र मेडल, तेस्रो हुने लाइ ३० हजार ५ सय ५५ नगद र प्रमाणपत्र मेडल पुरस्कार दिइने व्यवस्था गरिएको छ त्यसैगरि, उत्कृष्ट पुरुष तर्फ १५ हजार ५ सय ५५ ,प्रमाणपत्र, मेडल , उत्कृष्ट महिला तर्फ ७ हजार ५ सय ५५ मेडल ,प्रमाण पत्र पुरुस्कार को व्यवस्था गरिएको जनाइएको छ ।

# मतादाता नामावली संकलन

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - निर्वाचन आयोगले आउँदो स्थानीय तहको निर्वाचनलाई लक्षित गरी पालिकास्तरमै टोली खटाएर मतदाता नामावली सङ्कलन विशेष अभियान सञ्चालन गर्नेभएको छ । स्थानीय तहको निर्वाचनको मिति घोषणा हुनुपूर्व नै मतदाता नामावलीसम्बन्धी काम सम्पन्न गर्नुपर्ने कानुनी व्यवस्थाअनुरुप आयोगले नामावली सङ्कलनको अभियान सञ्चालन गर्न लागेको हो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मुलुकका सबै पालिका केन्द्रमा मङ्सिर १ गते वा अर्को कुनै उपयुक्त समयमा टोली खटाएर मतदाता नामावली सङ्कलन विशेष अभियान अघि बढाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, आउँदो चैतसम्ममा स्थानीय तहको निर्वाचन हुन्छ भन्ने कानुनी व्यवस्थालाई टेकेर आउँदो मङ्सिर मसान्तमा अभियान सम्पन्न गर्ने हेतुले मतदाता नामावली सङ्कलन विशेष अभियान सञ्चालन गरिनेछ । जनताको घरदैलोमा पुगेर सेवा प्रदान गर्ने क्रममा आयोगले नामावली सङ्कलन गाउँपालिकाको केन्द्रमै दर्ता टोली खटाएर गराउन लागेको हो । मतदाता नामावलीमा नाम दर्ताका लागि १८ वर्ष पुगिसकेका व्यक्तिले पालिका केन्द्रमा आउने टोलीसमक्ष नेपाली नागरिकताको प्रमाणपत्र देखाएर आफ्नो नाम दर्ता गराउन सक्नेछन् ।



नेपाली दोस्रो ठुलो चाडको महत्व फूल हो प्रकृतिको ।

# एमाले महाधिवेशनमा १९९९प्रतिनिधि

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - एमालेले थप्यो ४ सय थपेर १ हजार ९ सय ९९ महा धिवेशन प्रतिनिधि तय गरेको एमाले ले जनाएको छ । नेकपा एमाले ले १० औं महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरुको संख्या थपेको छ । शुक्रबार बसेको केन्द्रीय कमिटीको बैठकले मंसिर १० देखि १२ गतेसम्म हुने राष्ट्रिय महाधिवेशनका लागि स्थायी कमिटीले गरेको प्रस्तावमा छलफल पछि १ हजार ५ सय ३६ बाट बढाएर १ हजार ९ सय ९९ पुर्याएको प्रवक्ता प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

तर, केन्द्रीय कमिटीमा नेताहरुले संख्या बढाउन माग गरेपछि उक्त संख्या बढेको हो । त्यस्तै शुक्रबारको बैठकले महाधिवेशन मुल व्यवस्थापन समितिमा २ जना थपेर २३ सदस्यीय बनाएको छ । नयाँ थप भएका सदस्यहरूमा नेता रघुजी पन्त र शेर बहादुर तामाङ थपिएका हुन् ।

शुक्रबारको बैठकले आगामी कात्तिक २७ गते एकैदिन एमाले महाधिवेशन प्रतिनिधि छनोटका लागि निर्वाचन गर्ने गरी मिति तय गरेको छ । सो पार्टीले महाधिवेशनमा विधुतीय मतदान मेसिन प्रयोग गर्ने जनाएको छ । त्यसका लागि शुक्रबारको बैठकअघि उक्त मेसिनको परीक्षण गरेको थियो । एमालेको केन्द्रीय कमिटीको बैठक मंसिर ९ मा सौराहामा बस्नेछ । नेकपा एमालेले दशौं राष्ट्रिय महाधिवेशनमा १ हजार ९ सय ९९ जना प्रतिनिधिहरु सहभागी हुने भएको छ । पार्टीको बिहीबार ललितपुरमा बसेको स्थायी कमिटीको बैठकले आगामी


# हार्दिक शुभकामना





नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



मा.धनबहादुर बुढा
प्रतिनिधिसभा सदस्य
एवम् पूर्व पर्यटन राज्यमन्त्री, डोल्पा




## सामान्य ज्ञान ०५

*१. हालै पूर्वी नेपालका विभिन्न जिल्ला समेटी रेखाङ्कन गरिएको पदमार्ग कुन हो ?*

*☐ मुन्धुम पदमार्ग*

*२. द्रव्य शाहले गोरखा राज्यको स्थापना कहिले गरेका थिए ?*

*☐ वि.सं. १६१६ भदौ २५*

*३. नेपाली साहित्यका प्रथम शहीद भनी कसलाई चिनिन्छ ?*

*☐ सुब्बा कृष्णलाल अधिकारी*

*४. स्मार्ट प्रविधिको प्रयोग बढाई ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ ट्राफिक मोबाइल एपको शुभारम्भ कहिले गरियो ?*

*☐ वि.सं. २०७३ वैशाख २०*

*५. मङ्गल ग्रहमा पानी रहेको तथ्य प्रस्तुत गर्ने नेपाली वैज्ञानिक लुजेन्द्र ओझा हुन् भने नयाँ ग्रह पत्ता लागेको सैद्धान्तिक आधार प्रस्तुत गर्ने नेपाली वैज्ञानिक को हुन् ?*

*☐ सुमन सत्याल*

*६. नेपालको संविधान (२०७२)को कुन धारामा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ ?*

*☐ धारा ३१*

*१८. नेपालको वर्तमान संविधानअनुसार प्रत्येक नागरिकलाई राज्यबाट कुन तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुने व्यवस्था छ ?*

*☐ आधारभूत तह*

# उच्च शिक्षामा सेमेस्टर प्रद्धति

- प्रा.डा. श्रीरामप्रसाद उपाध्याय

...... त्रिभुवन विश्वविद्यालयले वार्षिक शिक्षा प्रणालीलाई विस्थापन गरी आफ्ना सबै अध्ययन संस्थान तथा सङ्कायहरूमा पूर्ण रूपमा सेमेस्टर पद्धति लागू गर्ने निर्णय गरेको छ। यस निर्णयको यथाशीघ्र कार्यान्वयन गरी सबै शिक्षण संस्थान तथा सङ्कायहरूमा एकरूपता ल्याउनु आवश्यक छ। सेमेस्टर पद्धतिले विद्यार्थीलाई निरन्तर कक्षामा उपस्थित हुने र परिश्रम गर्ने बानीको विकास गर्ने अवसर प्रदान गर्छ। एक वर्षसम्म सम्झेर मूल्याङ्कनमा सरिक हुने परिपाटीले गर्दा धेरै विद्यार्थी अनुत्तीर्ण भएर बीचैमा उच्च शिक्षाको अवसरबाट वञ्चित हुने गर्थे भने सेमेस्टर पद्धतिले ६/६ महिनामा परीक्षामा बस्न पाउने अवसर प्राप्त हुँदा अनुत्तीर्ण विद्यार्थीको सङ्ख्या क्रमशः न्यून हुँदै गएको छ। यसका साथै सेमेस्टर पद्धतिमा विद्यार्थीलाई अनुसन्धानात्मक प्रतिवेदन तथा अनुसन्धानमा संलग्न हुने अवसर प्राप्त हुने हुनाले तिनका सिर्जनात्मक क्षमताको पनि विकास हुने गर्छ। उच्च शिक्षामा सेमेस्टर पद्धति लागू गर्नु ज्यादै नै सान्दर्भिक रहेको छ।

विश्वका प्रायः सबैजसो विश्वविद्यालयमा सेमेस्टर पद्धति नै लागू भएका छन्। यसले शिक्षक र विद्यार्थी दुवैलाई अध्ययन अध्यापनमा सक्रिय गराउँछ भन्ने कुरामा कुनै विवाद छैन तर उच्च शिक्षामा सेमेस्टर पद्धतिलाई आधुनिक किसिमबाट सञ्चालन गर्नुपर्ने आवश्यक हुन्छ। यस पद्धतिमा शिक्षकको भूमिका पूर्ण रूपमा निर्देशकका रूपमा रहन्छ भने विद्यार्थीले शिक्षकको निर्देशनमा आफ्ना अध्ययन अनुसन्धानलाई अगाडि बढाउनुपर्छ। वार्षिक पद्धतिअनुसारकै पाठ्यक्रम, शिक्षण विधि तथा मूल्याङ्कन प्रविधिको प्रयोग भइरहेमा सेमेस्टर प्रणालीको कुनै औचित्य रहँदैन।

सेमेस्टर पद्धतिमा विश्वविद्यालय तथा महाविद्यालयहरूका पाठ्यक्रम, शिक्षण विधि तथा मूल्याङ्कन प्रविधिलाई समयसापेक्ष रूपमा निरन्तर परिवर्तन गर्दै लैजानुपर्ने हुन्छ। यसलाई वार्षिक प्रणालीजस्तै गरी अगाडि बढाउने हो भने सेमेस्टर पद्धतिको कुनै औचित्य रहँदैन। त्यसै हुनाले यस पद्धतिलाई अझै व्यावहारिक बनाउन अनुसन्धानात्मक गतिविधिमा जोड


## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली
२०७८ को शुभ अवसरमा देश विदेशमा रहनु
भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य,
दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै
शान्ति मिलोस भन्दै हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ ।

शरद लामा
प्रमुख एवम्
कृषि विकास कार्यालय परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली
२०७८ को शुभ अवसरमा देश विदेशमा रहनु
भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य,
दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै
शान्ति मिलोस भन्दै हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ ।

तेम्बा गुरुङ
अध्यक्ष एवम्
डोल्पोबुद्ध गाउँपालिका परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली
२०७८ को शुभ अवसरमा देश विदेशमा रहनु
भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य,
दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै
शान्ति मिलोस भन्दै हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ ।

सविता रोकाया
उपाअध्यक्ष एवम्
मुड्केचुला गाउँपालिका परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली
२०७८ को शुभ अवसरमा देश विदेशमा रहनु
भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य,
दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै
शान्ति मिलोस भन्दै हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ ।

सेनाङ गुरुङ
अध्यक्ष एवम्
छार्का ताङ्सोङ् गाउँपालिका परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली
२०७८ को शुभ अवसरमा देश विदेशमा रहनु
भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य,
दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै
शान्ति मिलोस भन्दै हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौ ।

अंगदकुमार राना
अध्यक्ष एवम्
काइके गाउँपालिका परिवार, डोल्पा

# जलवायु परिवर्तनले निम्त्याएको विपत्ति

- डा. माधव अधिकारी

................ विपत् व्यवस्थापन कार्यलाई सहज बनाउन नेपाल सरकारले केन्द्र र प्रदेश तहमा कार्य गर्ने गरी राहत सहयोग, क्षतिपूर्ति व्यवस्थापनलगायतका विषयमा दिग्दर्शन जारी गरेको पाइन्छ तापनि आवश्यकअनुसार प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल रेडक्रसका आ-आफ्नै दिग्दर्शन र कार्ययोजनाअनुसार विपत् व्यवस्थापनमा खटिन्छन् तर तिनको संयोजन र उचित किसिमको समन्वय नभई प्रभावकारी कार्यान्वयनमा कठिनाइ भएको पाइन्छ ।

प्रकोपको समस्या समाधान गर्न स्थानीय तहले आफ्नो क्षेत्रमा वनजङ्गलको संरक्षणमा विशेष ध्यान दिई व्यवस्थित रूपले नदीबाट उचित मात्रामा गिट्टी बालुवा निकाल्ने तथा कृषि/वनसम्बन्धमा संयुक्त परियोजना सञ्चालन गर्दै बढीसे बढी मात्रामा वृक्षरोपण तथा संरक्षणको कार्य गर्नुपर्छ । खोलानाला नियन्त्रण गर्ने, उचित स्थानमा बस्ती बसाउने, विकास निर्माणका योजना वातावरणमैत्री बनाउनुपर्छ ।

विपत्को प्रभाव न्यून गर्न विपत्का लागि पूर्वतयारी गर्ने समुदायलाई प्रकोप वहन गर्न सक्षम बनाउने तथा हरेक वडामा विपत् व्यवस्थापन योजना बनाउन आवश्यक देखिन्छ । अति आवश्यक सेवालाई चुस्त बनाउँदै विपत्का बारेमा शिक्षा दिने र लिने, क्षमता वृद्धि गर्ने, स्रोतसाधन परिचालन गरी विपत् व्यवस्थापनका कार्य व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्छ । स्थानीय तहले प्रकोप आउनुअघिको अवस्था, भइरहेको अवस्था र त्यसपछिको पुनर्स्थापनाको कार्यलाई व्यवस्थित रूपले सञ्चालन गर्नुपर्छ । जलवायु परिवर्तनका कारण चरम् जलवायु घटनाका क्षेत्रीय र साम(यिक ढाँचाहरूमाथिका कारणबाट परिवर्तन भइरहेको छ । हालैको बेमौसमी मनसुनी वर्षाको ढाँचा परिवर्तन भई मनसुन समाप्त हुन ढिलो हुँदा सक्रिय मनसुनको अवधि लम्बिन गएको छ । उच्च तीब्रतर चरम् वर्षाको क्षेत्रीय प्रवृत्ति वार्षिक वा मनसुनी वर्षाको प्रवृत्तिभन्दा धेरै फरक हुन्छ । तराई र चुरे क्षेत्र जहाँ अपेक्षाकृत वार्षिक वर्षा र पानी पर्ने दिन कम हुन्छ, उच्च तीब्रतर चरम् वर्षाको चपेटामा नेपालका धेरै ठाउँ परेका छन् । विपत् प्रकोप र सङ्कट उन्मुखताको संयुक्त परिणाम हो ।


## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

चन्द्रलाल धराला
प्रमुख एवम्
पशु सेवा कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

टोपेन्द्रसुन्दर मल्ल
प्रमुख एवम्
पूर्वाधार विकास कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

धावा सम्दुक गुरुङ
अध्यक्ष एवम्
शे फोक्सुण्डो गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

टसितुण्डुप गुरुङ
अध्यक्ष एवम्
शे फोक्सुण्डो गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

योगेन्द्रबहादुर शाही
उपप्रमुख एवम्
ठुलीभेरी नगरपालिका परिवार, डोल्पा

# बीमासँग वित्तीय सम्बन्ध

- सुभाष कोइराला

अक्सफोर्ड डिक्सनेरी परिभाषामा उल्लेख भएअनुसार धन राख्ने र झिक्ने सुरक्षित स्थान बैङ्क हो भने उल्लिखित सेवा सर्तबमोजिम जो

खिम वहन गर्न मञ्जुर गरी तोकिएको अवधिका लागि निश्चित बीमा शुल्क लिने गरी गरिएको करारनामा बीमा हो । अतः व्यवसायको प्रकृतिले दुई पक्षबीच कारोबार भएमा व्यक्त करार

सिर्जना हुने र उक्त अवधिभित्र भवित( व्य परी कुनै जोखिम उत्पन्न भएको मा नियमानुसार दाबी भुक्तानी गने व्यवस्था रहने कानुनी आधार तय हुन्छ ।

नेपालमा हाल कायम ३९ बीमा कम( पनी (१९ जीवन र २० निर्जीवन), एक पुनर्बीमा (सरकारी क्षेत्र तर्फबाट) कम्पनी तथा एक निजी क्षेत्रबाट कम( पनी सञ्चालित भइरहेकोमा बीमा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अभय रेग्मी
प्रमुख एवम्
उद्योग तथा उपभोक्ता हित सं. कार्यालय, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अमरबहादुर शाही
प्रमुख एवम्
स्वास्थ्य सेवा कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

धनन्जय आचार्य
सामाजिक विकास अधिकृत एवम्
सामाजिक विकास कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गणेशबहादुर शाही
नगर प्रमुख एवम्
ठुलीभेरी नगरपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नारासिंह रोकाय
अध्यक्ष एवम्
जगदुल्ला गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

दत्तबहादुर शाही
अध्यक्ष एवम्
मुड्केचुला गाउँपालिका परिवार, डोल्पा

# जगन्माता प्रकृति

- प्रा.डा.उदयराज खनाल

.... न त आदि माता एक व्यक्ति हो, न उनले हामीलाई सुरक्षित पार्न मारेको राक्षस व्यक्ति। महिसासुर त नारिमाथि हिंसा गर्ने प्रवृत्तिको एक प्रतीक मात्र हो, जस्तो हिरण्यकशिपु बाल हिंसाको, र रावण होमो से पियन्स विरोधको। अन्य प्रजाति बाँचेर हामीसंग प्रतिस्पर्धा गर्दा विश्व अझै राम्रो र समतामुलक हुन्थ्यो कि भन्न त सकिन्न, तर माता प्रकृतिले नै प्रतिकुल अवस्था सृजना गरेर, यति अफ्ठेरो पनि सहन नसक्ने त लोप भएकै राम्रो भन्ने सङ्केत गरेको जस्तो छ। माता भनेको प्रकृतिकै प्रतिविम्ब हो, डाइनोसरस र नियाण्डर्थल उनै को सृजना हो, तर विश्वगति विपर ीत भए पछि आफै कठोर भएर संहार पनि गरिन्। प्रकृति माताले अहिलेसम्म हामीलाई निकै ममतामयी भएर स्याहार गर्दै छिन्। तर उनै विरुद्ध लागेर खोलानाला दुर्गन्धित पार्दै सुकाएर सारा जलचर मास्ने, पृथ्वीघातक चुरे दोहन र प्रदुषण जस्ता कार्य निरन्तर कायम राख्दा त्यहि रूप मात्र देखिन्छ भनेर ढुक्क हुन सकिन्न। हालका बाढी पहिरो, हुरी तूफान, चरम गर्मी शर्दी, महामारी इत्यादि सबै, हाम्री जगन्म(ाता क्रुद्ध हुन थालेको सङ्केत हो। यस्ता प्रकृति विरोधी काम गर्दै, काला पत्थर पुगेर नखाएको विष लाग्यो भन्दै रो एर उनको मन पगाल्न सकिन्न। न त, एकातिर यो पितृसत्तात्मक समाजमा आफ्नो बाउसंग पनि घरमा एक्लै बस्न डर लाग्छ भनेर लेख्नेले, अको 'मा ममता विरोधको प्रतीक महिसासुर र मानवता विरोधको रावणलाई पत्र लेख्दै मेरा पुर्खाले हजुरहरूको निर्मम् हत्या गरेर यसरि दसैं मनाउने गरे कोमा माफी गर्नु होला भन्नु, त्यति


## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

डिलप्रसाद रोकाया
प्रमुख प्रशासकीय अधिकृत एवम्
ठुलीभेरी नगरपालिका परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

..
प्रमुख एवम्
डिभिजन वन कार्यालय परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नविन थापा
प्रमुख एवम्
जलस्रोत तथा उर्जा विकास कार्यालय, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

चन्द्रकुमारी बुढा
उपप्रमुख एवम्
त्रिपुरासुन्दरी नगरपालिका परिवार, डोल्पा



## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली २०७८ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

शेरबहादुर बुढा
प्रमुख एवम्
जिल्ला समन्वय समिति परिवार, डोल्पा